जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक ४०, २०७५ साल माघ १८ गते शुक्रबार, नेपाल संवत् ११३९ (Feb. 1, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## पारित भयो विधेयक

काठमाडौं । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसदहरुले विरोध जनाए तापनि राष्ट्रिय चिकित्सा शिक्षा विधेयक राष्ट्रियसभाबाट पारित भएको छ । यो विधेयक राष्ट्रपतिले प्रमाणित गरेपछि ऐन बनेर लागू हुनेछ । प्रतिनिधिसभाबाट सन्देससहित राष्ट्रियसभामा पठाइएको विधेयक बहुमतले पारित भएको हो । चिकित्सा शिक्षा विधेयकमाथि राष्ट्रियसभामा दुईवटा संशोधन प्रस्ताव दर्ता भएको थियो । राजपा सांसद वृषेशचन्द्र लाल र नेपाली कांग्रेसका सांसद राधेश्याम अधिकारीसहितका सांसदहरुले छुट्टाछुट्टै बाँकी ८ पेजमा

## मालेमा प्रवेश

काठमाडौं । नेकपा माले केन्द्रीय शिक्षा विभागको आयोजनामा संकल्प राजनीतिक अभियान कार्यान्वयन प्रशिक्षण कार्यक्रममा सरस्वती क्याम्पस स्ववियुका २०३६, २०३८ र २०४१ का सभापति क.कृष्णलाल क्षेत्री नेकपा मालेको केन्द्रीय बुद्धिजीवी विभागमा कार्यरत रहने गरी नेकपा मालेमा प्रवेश गर्नुभएको छ । स्थायी कमिटी सदस्य तथा नेकपा मालेका प्रवक्ता क. कुमार वेलबासेले स्वागत गर्नुभएको कार्यक्रममा क. कृष्णलाल क्षेत्रीबाट वर्तमान नेपालको अवस्थालाई सही रुपमा र सटिक राजनीतिक विश्लेषण नेकपा मालेको माग रहेको र नेपाली नौलो जनवादी क्रान्ति नेकपा मालेले माग गर्न सक्ने कुरा बताउनुभयो ।

# नेपालले असंलग्न परराष्ट्र नीति त्यागेकै हो ?

काठमाडौं । 'कूटनीति भनेको चक्कु प्रयोग नगरेर अरुको घाँटी रेट्नु हो ।' भर्नेन के मेकालेलानको यो महत्वपूर्ण भनाइको अर्थ हो- राष्ट्रिय अखण्डता र सार्वभौमिकताको संरक्षण र सम्बर्द्धन गर्नु सरकारको प्रमुख दायित्व हो । नेपालको विदेश नीतिको प्रमुख पक्ष हो- नेपाल र नेपाली जनताको अधिकतम हित । तर सरकार तिब्बत चीनको स्वशासित प्रदेश हो भन्ने चीन नीतिको आधार विपरीत अमेरिकाको हिन्द प्रशान्त रणनीतिमा सामेल हुँदैछ । जुन नेपालले अख्तियार गरेको पञ्चशीलमा आधारित असंलग्न परराष्ट्र नीति विपरीत भएको कूटनीतिक विश्लेषकहरु बताउँछन् । यसले नेपालको आर्थिक विकासमा दिल खोलेर सहयोग गरिरहेको छिमेकी मुलुक चीन सशंकित हुनु स्वभाविक हो ।

चिनियाँ प्राज्ञहरु भनिरहेका छन्- चीनसँग डराएको अमेरिका हिन्द प्रशान्त क्षेत्रमा साझेदारी स्थापना गर्न गइरहेको छ । हिन्द प्रशान्त अमेरिकी रणनीतिको मुख्य उद्देश्य हो चीनको एसिया प्रशान्त क्षेत्रमा बढ्दो प्रभावलाई रोक्नु । अमेरिकाले विश्व परिदृश्यमा एकलौटी प्रभाव कायम गरिरहेको अवस्थामा चीनको महत्वकांक्षी कार्यक्रम एसियन इन्फ्रास्कचर इन्भेस्टमेन्ट बैंकको स्थापना गरी एसियाली राष्ट्रहरुलाई आर्थिक प्राविधिक सहयोग गर्नु, ६० वटा मुलुकहरुलाई जोड्ने गरी अगाडि ल्याइएको बेल्ट एन्ड रोड इनिसिएटिभको माध्यमबाट द्विपक्षीय एवं बहुपक्षीय सम्बन्ध मजबुत बनाउनु जस्ता कार्यले अमेरिकाको निदहराम गराएको छ । उसले आक्रामक कूटनीति अनुरुप हिन्द प्रशान्त रणनीतिको भौगोलिक अवधारणालाई अघि बढाएको छ ।

हिन्द प्रशान्त रणनीतिक समर्थक राष्ट्रहरुका बीचमा आर्थिक विकास, संरचनागत विकास र रणनीतिक साझेदारी कायम गर्नु, प्रजातन्त्रलाई बलियो बनाउनु, मानव अधिकारको संरक्षण र प्रबर्द्धन गर्नु, अमेरिकी नेतृत्वलाई सहयोग गरी सुदृढ बनाउनु र रिजनल अर्डरको पुनर्निर्माण गर्नु आवरणका हिन्द प्रशान्त अमेरिकी रणनीतिका उद्देश्यहरु हुन् । तर नेपथ्यमा चीनको आक्रमण आर्थिक विकास र सामरिक क्षमतालाई कमजोर बनाउनु नै हो । शीतयुद्धपश्चात् एकल महाशक्तिको रुपमा स्थापित संयुक्त राज्य अमेरिकालाई एक्काइसौं




सदीमा पनि एकल महाशक्तिको रुपमा उभिनलाई चीनले बाटो छेक्दैछ । विश्व बैंकजस्तो वित्तीय संस्थाले समेत सन् २०५० सम्म चीनको अर्थतन्त्र विश्वकै पहिलो अर्थतन्त्रका रुपमा स्थापित हुने प्रक्षेपण गरेको छ । वर्तमान आर्थिक र वित्तीय परिदृश्यमा कायम रहेको अमेरिकी वर्चस्व ओरालो लाग्ने र अमेरिकाको स्थान चीनले लिने ब्रिटेनस्थित इन्डिपेन्डेन्ट संस्थाले समेत अनुमान गरेको छ । चीन अबको तीन दशकभित्र आर्थिक र सैनिक दृष्टिले सबैभन्दा बलशाली र शक्ति सम्पन्न राष्ट्र बन्दैछ । जापानलाई आर्थिक र सामरिक हैसियतमा भारतले उछिन्ने आधारहरुमाथि विश्लेषण गर्न थालिएको छ । चीनले अहिलेदेखि नै अमेरिकालाई चुनौती दिन थालेको छ ।

अमेरिकाको तुलनामा चीनको प्रतिव्यक्ति गार्हस्थ उत्पादन एक तिहाई मात्र छ । तर अन्तर्राष्ट्रिय मूल्यअनुसार कुल गार्हस्थ उत्पादनको तुलना गर्ने हो भने चीनले अमेरिकालाई उछिनेको छ । 'फाइव जी' जस्ता प्रविधिमा पनि चीनले भेट्टाउने र उछिन्ने गरिरहेको छ । भावी दिनमा चीनले बोइङ र एयरबस जस्ता विमानसँग हुने बजार प्रतिस्पर्धालाई परीषाको रुपमा हेरिएको छ । यसले चिनियाँ क्षमतालाई उजागर गर्नेछ । यही कारण अमेरिकाले चीनविरुद्ध व्यापारयुद्ध अपनाइरहेको छ । अमेरिकाले सन् १९८० को दशकमा सोभियत संघ र जापानविरुद्ध यही रणनीति प्रयोग गरेको थियो । अमेरिकाले बेइजिङ विरुद्ध अपनाएको आक्रामक रणनीति तत्काल परिवर्तन गरेन भने यसले विश्व अर्थतन्त्र र स्वयं अमेरिकाकै लागि प्रत्युत्पादक हुने निश्चित छ । भविष्यमा चीनले नै आर्थिक प्रभुत्व जमाउने विज्ञहरुले अनुमान गरेका छन् ।

अमेरिकाको मुख्य रणनीति भनेको शीतयुद्ध शैलीको नियन्त्रण हो । अमेरिकाले नेटो, जापान, अष्ट्रेलिया लगायत आफ्ना सुरक्षा साझेदारहरुलाई चीनका नयाँ प्रविधियुक्त सामान नकिन्न र उसलाई आधुनिक प्रविधि नबेच्न जोड गरिरहेको छ । विश्वको दोस्रो ठूलो मोबाइल निर्माता कम्पनी हुवावे बैंक ठगी, प्रविधि चोरी र न्याय सम्पादनमा बाधा उत्पन्न गरेको दाबीसहित अमेरिका हुवावे र कम्पनीका प्रमुख वित्तीय अधिकारी मेङग वान्जु विरुद्ध मुद्दा दायर गरेको छ त्यहाँको न्याय मन्त्रालयले । तर हुवावेले अमेरिकी आरोपको खण्डन गरेको छ । ट्रम्प प्रशासनले विश्वका ६ शक्तिशाली राष्ट्र र इरानबीच सन् २०१५ मा भएको आणविक सम्झौता अन्तर्गत हटाइएको इरानमाथिको प्रतिबन्ध पुनः लगाएको छ । उसले इरानमाथि थप कडा कदम चाल्दै इरानको तेल आयात, व्यापार र बैंकिङ क्षेत्रमा समेत प्रहार गरिरहेको छ । हुवावेले आफ्ना दुई सहायक कम्पनी हुवावे डिभाइस युएसए र स्काइकल टेकलाई इरानसँग व्यापार गर्नका लागि नभनेको भन्दै अमेरिका तथा विश्व बैंकलाई ढाँटेको अमेरिकी अभियोग छ । भर्खरै मात्र हुवावेले एप्पल कम्पनीलाई पछि पार्दै स्मार्ट फोन उत्पादनमा विश्वकै एक नम्बर बन्न सफल भएको थियो । हुवावेमार्फत चीनले विश्वभर आफ्नो गुप्तचर क्षमतालाई वृद्धि गर्न सक्नेतर्फ अमेरिका र पश्चिमा राष्ट्रहरुले चिन्ता व्यक्त गर्दै आएका छन् । हुवावेको बढ्दो क्रेजलाई बाँकी ८ पेजमा

## सुशासनमा नेपाल असफल

काठमाडौं । नेपाल प्रकृति आफैं घोप्टिएको मुलुक हो । जहाँ होचो भूमि केचनाकवलदेखि संसारकै अग्लो चुचुरो माउन्ट एभरेस्ट छ । हिमाल, पहाड, तराई छ, घना जंगल छ, कर्णाली, कोशी, महाकाली लगायतका नदीहरु सुसाइरहेका छन् । संसारमा कतै नपाइने ११ प्रकारका हावापानी नेपालमा छ । सिस्नोदेखि यार्सागुम्बा यहीँ पाइन्छ । एकसिंगे गैंडा मात्र होइन यति समेत हिमालमा छन् भन्ने विश्वास गरिन्छ । दुर्लभ रंगीन पक्षी डाँफे भनौं या दुनियाँमै नपाइने पुतलीहरु नेपालीभूमिमै विहार गरिरहेका छन् । नेपाल प्राकृतिक सुन्दरताले सजिएको छ । यसो भनेर गर्व गर्नुको तुक भने छैन । किनकि सुशासनको सूचकांकमा नेपाल दुई स्थान तल झरेको छ । गत वर्ष १२२ थियो यसपालि १ सय २४ औं ।

प्रधानमन्त्री केपी ओली भनिरहेका छन्- 'म भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्न' तर भनेर मात्र के गर्नु ? ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार नेपालमा भ्रष्टाचार गत वर्षकै अवस्थामा रहेको छ । सुशासन मापनको कुलमध्ये नेपालले ३१ अंक प्राप्त गरेको छ । यो अंकले नेपाल सुशासनमा असफल रहेको देखाउँछ । ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनले सार्वजनिक पद र अधिकार दुरुपयोग हुने गरेको, अनुगमन र कारबाहीमा कमी भएको राजनीतिक भ्रष्टाचारजस्ता समस्या विद्यमान रहेको जनाएको छ । नीतिगत तवरबाटै भ्रष्टाचार हुने प्रवृत्ति व्याप्त रहेको उल्लेख गरेको छ । प्राप्तांक अनुसार बढी भ्रष्टाचार हुने देशमा नेपाल ५६ औं स्थानमा परेको छ ।

नेपालसहित संसारभर नै निरंकुश र पपुलिस्ट नेताहरुले लोकतान्त्रिक मूल्य मान्यता र शक्ति सन्तुलन विपरीत काम गर्दै भ्रष्टाचार नियन्त्रणको एजेन्डा आफू अनुकूल बनाएको ट्रान्सपरेन्सीले जनाएको छ । ट्रान्सपरेन्सीको यो प्रतिवेदनसँगै सुशासन, पारदर्शिता, छिटोछरितो न्याय सम्पादन, चुस्त र प्रभावकारी सार्वजनिक सेवा प्रवाह लगायत विषयमा नेपालको स्थिति निराशाजनक देखिएको हो । सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमा युरोपेली मुलुक डेनमार्क परेको छ । डेनमार्कले सय पूर्णांकमा ८८ अंक पाएको छ । बढी भ्रष्टाचार हुने देशमा गृहयुद्धको चपेटामा परेको अफ्रिकी मुलुक सोमालिया रहेको सर्वेक्षणले देखाएको छ । उसले १० अंक मात्र प्राप्त गरेको छ । दक्षिण एसियाली मुलुकमध्ये भुटान ६८ अंक प्राप्त गरी २५ औं कम भ्रष्टाचार हुने मुलुकमा परेको छ । भारत ४१ अंकसहित ७८ स्थान, श्रीलंका ३८ अंकसहित ८९ औं स्थान, पाकिस्तान ३३ बाँकी ८ पेजमा

## आसाममा चुलियो नागरिकता विवाद

काठमाडौं । नागरिकता विवादका कारण भारतको आसाम राज्य आन्दोलित बनेको छ । नेपाली भाषी समुदायको पनि बाक्लो बसोबास आसाम राज्यमा रहेकाले त्यहाँ हुने घटनाक्रमलाई नेपाली जनताले पनि चासोका साथ नियाल्ने गरेका छन् । भारतमा मच्चिएको अशान्तिले नेपाली भाषी समुदायमा प्रभाव पार्ने बित्तिकै त्यसको सोझो असर नेपालले झेल्नु परेका विगतका घटनाका उदाहरण ताजै छन् । असाम, मणिपुर, मेघालयबाट विभिन्न कालखण्डमा लखेटिएका नेपालीले पूर्वी नेपालको झापा, मोरङ, सुनसरी मात्र नभएर पश्चिम तराईका जिल्लाहरुमा समेत ठूलो संख्यामा आश्रय लिएका थिए ।

अहिले आसाम राज्यमा सन् १९७१ पछि त्यहाँ प्रवेश गरेकालाई नागरिकता नदिने र गैर हिन्दु समुदायलाई पनि नागरिकता नदिने जस्ता कुराले आसाम राज्यमा आन्दोलन भइरहेको छ । भारतको सर्वोच्च अदालतको आदेशबाट गठन गरिएको एनआरसी (नेसनल रजिस्टर्ड सिटिजन) ले आसाम राज्यमा प्रकाशन गरेको विवरणले भारतमा ठूलो बहस खडा गरेको छ भने आसाम राज्य आन्दोलित भएको छ ।

आसामको नागरिकतासम्बन्धी प्रकरणको विषयले २०१९ को लोकसभामा पनि गतिलो मुद्दाको रुपमा प्रवेश पाउने भएको छ । भारतमा मोदी सरकारको लोकप्रियताको पारो क्रमशः ओरालो झरिरहेको छ । हालै सम्पन्न पाँचवटा राज्यका चुनावमा कांग्रेस आईले वर्चस्व कायम गरेको छ भने भाजपा पछि परेको छ । आसाम राज्यको नागरिकता विवादले पनि भाजपाको भोट बैंकमा क्षति पुग्ने देखिन्छ ।

भारतको आसाम राज्यमा बसोबास गरिरहेका बाँकी ८ पेजमा

## 'साम्राज्यवादी षडयन्त्रलाई परास्त गरौं'

काठमाडौं । नेकपा (माले) स्थायी कमिटीको बैठकले एक प्रेस विज्ञप्ति जारी गरी साम्राज्यवादी षड्यन्त्रविरुद्ध लड्ने प्रतिबद्धता व्यक्त गरेको छ । पार्टी महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'नेकपा (माले) को स्थायी कमिटीको बैठक २०७५ माघ १५ गते महासचिव क.सी.पी. मैनालीको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय, काठमाण्डौ बस्यो । बैठकले लिएका केही समसामयिक निर्णयहरूलाई सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१. बैठकले प्रातस्मरणीय बीर शहिदहरूप्रति श्रद्धासुमन अर्पण गरेको छ ।

२. बैठकले चिकित्सा शिक्षा विधेयक पारित गराउने सिलसिलामा सरकारले देखाएको असहिष्णु एवम् शासकीय मर्यादा विपरितको निरंकुश व्यवहारको यो बैठक तिब्र बाँकी ८ पेजमा

## अन्नाको अनसनले भारतमा हलचल

काठमाडौं । भारतका प्रख्यात सामाजिक अभियन्ता अन्ना हजारेले ३० जुलाई सहिद दिवस एवं महात्मा गान्धी स्मृति दिवसका दिनदेखि आमरण अनसन प्रारम्भ गरेका छन् । केन्द्रमा लोकपाल र प्रदेशमा लोकायुक्त नियुक्ति गर्ने व्यवस्था सहितको लोकपाल विधेयक कार्यान्वयन गर्न माग गर्दै उनले आफ्नै गाउँमा आमरण अनसन थालेको भारतीय समाचार एजेन्सी एएनआईले उल्लेख गरेको छ ।

भ्रष्टाचार विरुद्ध काम गर्न नरेन्द्र मोदी नेतृत्वको सरकार असफल भएको भन्दै स्वतन्त्र लोकपाल र लोकायुक्त नियुक्त गर्नुपर्ने माग गरेका छन् । लोकपाल विधेयक अनुसार कुनै सर्वसाधारणले प्रमाणसहित उजुरी दियो भने लोकपालले प्रधानमन्त्रीलाई पनि छानबिन गर्न सक्छ । त्यसैगरी लोकायुक्तले मुख्यमन्त्री, अन्य मन्त्री र प्रदेश सभाका सांसदलाई पनि छानबिन गर्न सक्छ । अनुसन सुरु गर्नुअघि छोटकरीमा उनले भने ।

आफूमाथि छानबिन गर्ने भएकाले उनीहरुले यस्तो व्यवस्था लागू गर्न नचाहेको उनको आरोप उदृधृत गर्दै एएनआईले जनाएको छ । उनले यस्तो व्यवस्था कुनै पनि पार्टीको चाहनामा नपरेको समेत बताएका छन् । लोकपाल विधेयक सन् २०१३ मा नै संसदले पारित गरिसकेको भए पनि सरकारले अहिलेसम्म त्यसमा भएको व्यवस्था अनुसार लोकपाल र लोकायुक्त नियुक्त नगरेकाले फेरि अनसनमा बस्नु परेको उनको भनाइ उद्धृत गर्दै एएनआईले जनाएको छ ।

अहिले राजनीतिमा रहेका आफ्ना पूर्व समर्थकहरुले पनि अनसनमा साथ दिन सक्ने तर्क इंगित गर्दै उनले भनेका छन्- हाम्रो मञ्चमा अब कुनै राजनीतिक नेतालाई ठाउँ छैन ।' लोकपाललाई निषेध गर्ने गरी उनीहरुले अर्को कानुन पारित गरेका छन् । त्यसमा राष्ट्रपतिले पनि लालमोहर लगाइसक्नुभएको छ । तर पनि बाँकी ८ पेजमा

समय-सन्दर्भ

## मानव पहिचानको सम्बन्धमा

हर्क याक्सो

मानव एक सामाजिक प्राणी भएको हुनाले उसको ल्वाइ, ख्वाइ, हिडाइ, बसाइ लगायत उसका हरेक कृयाकलापहरु समाज सापेक्ष हुने गरेका छन् । त्यसकारण यस पृथ्वी लोकका अन्य प्राणीहरुको तुलनामा उसको विशेष पहिचान हुनु स्वभाविक मानिन्छ । अन्य प्राणीहरुसँग तुलना हुन नसक्ने उसका छुट्टै विशेषताहरु के के हन् त ? यस सवालमा भन्नु पर्दा उसको शारीरिक भन्दा पनि वौद्धिक विशेषता नै महत्वपूर्ण तत्वको रुपमा देखा पर्दछन् । मानिसको बुद्धि, विवेक, विचार, चिन्तन, मनन, उद्यमशीलता र सिर्जनशीलता जस्ता बौद्धिक विशेषताहरु नै उसको छुट्टै पहिचान गराउने कारक तत्वहरु हुन् । यस प्रकारका योग्यता, क्षमता, नवीन कुराहरुको आविष्कार, खोज, अनुन्धान, प्रयोग तथा व्यवस्थापन आदि विशेषताका कारण मानिसलाई संसार कै 'श्रेष्ट' प्राणी मानिन्छ ।

मानिसको अर्को उल्लखेनीय विशेषता, उसको कल्पना शक्ति पनि हो । यही कल्पना शक्तिको कारण मानिसले नव-नवीन ज्ञानविज्ञानको आविष्कारहरु गरको छ । यस सम्बन्धमा हिन्दीमा एउटा कहावत नै बनेको छ- "जहाँ नही पहुँचे रबी, तही पहुँचे कवि" । अर्थात् सूर्यको किरण नपुग्ने स्थानमा एउटा कविको कल्पना पुग्दछ । जब मानिसले चरा झैं उड्ने कल्पना गर्दछ, तव ऊ चरा झैं उड्न सक्ने विमानको आविष्कार गर्दछ । जब सात समुन्द्र तरेर नयाँ संसार पत्ता लाउने कल्पना गर्दछ, तब ऊ तुरुन्त पानीजहाजको आविष्कार गर्दछ र नयाँनयाँ मुलुकहरुको अन्वेषण गर्दछ । अमेरिकी मुलुकहरु पछिबाट मानिसले अन्वेष्ण गरेको स्थान हुनाले तिनीहरुलाई 'नयाँ संसार' पनि भन्ने गरिन्छ ।

मानिसले कुन थोकको कल्पना गरेन र कुन चिजको आविष्कार गरेन ? उसलाई आवश्यक पर्ने सबै थोकहरुको आविष्कार गर्‍यो । रेडियो, टीभि, ईमेल, ईण्टरनेट जस्ता सञ्चारका माध्यम देखि रेल,मोटर, पानीजहाज, हवाइजहाज र रकेट जस्ता यातायातका साधनहरु सबै आविष्कार गर्‍यो । यीनै वैज्ञानिक आविष्कारहरुका कारण यत्रो ठूलो संसार पनि साँगुरो भएको छ । पृथ्वीलोकका यति धेरै मानिसहरु एउटै परिबाका सदस्य भएका छन् । अनि "बुसुध्दैवः कुटुम्बकम्" को नारा घन्कीएको छ । अब नयाँ मुलुकमा मात्र होइन, अर्को नयाँ ग्रह-ताराहरुमा बसाँई सर्ने सुर कस्तै छ मानिस । के मानिस श्रेष्ठ प्राणी होइन त ?

मानिसले श्रेष्ठता प्राप्त गर्नुको पछाडि उसमा निहित असन्तुष्टि पनि हो । मानिसको लागि आवश्यक साधनस्रोतहरु जति धेरै आविष्कार गरेपनि ऊ कहिल्यै सन्तुष्ट हुन सकेको छैन । मानिसले झुपडिलाई विकास गरी गगनचुम्बी घर निर्माण गर्‍यो तर अझै ऊ सन्तुष्ट छैन । गर्मी र जाडोबाट बच्न घरको कोठा देखि लिएर कक्षाकोठा, सिनेहल र रेलमोटर हरुमा समेत "एसी" जोडयो, ऊ अझै सन्तुष्ट छैन । सन्चारको क्षेत्रमा त मानिसले छलाङ्ग नै मारेको छ । आज इमेल र मोबाइलबाट मात्र चित्त नबुझाउने मानिसले न्यूयोर्कमा बसेर काठमायडौंको मानिससँग आमने-सामने भएर बात मार्न सक्ने भयो । अझै मानिस सन्तुष्ट छैन । यस्तो केही गरे पनि सन्तुष्ट नहुने मानिस श्रेष्ठ हो कि निकृष्ठ ? यसको उत्तर मनोविज्ञानले देला । तर सांसारिक विकास, निर्माण र मानव सभ्यताको कारक तत्व चाँहि मानिसको बाँकी ८ पेजमा

## मानव...

असन्तुष्टि नै हो। श्रेष्ठ प्राणीको विल्ला भीर्न सफल मानिसका केही नकारात्मक पक्ष वा गल्ती-कम्जोरीहरु पनि नभएका होइनन् । पाकिस्थानको तक्षशिला विश्वविद्यालयका विद्यार्थी माणवकले गुरुको अंधभक्त भएर हजारौं मानिसको हत्या गरी उनिहरुका अंगुलीको (बुढी औंलाको) माला लगाएर "अंगुलीमाल" बने । भारतकी आम्रपाली नगरबधू वा नगरका धनाढय मानिसहरुका साझा बेश्या बनी अनैतिक आचरणको नमूना बनिन् । जर्मनका हिटलरले हजारौं विपक्षी यहुदीहरुलाई "ग्याँसच्याम्बर"मा हालेर भुटेर मारे । दोस्रो विश्वयुद्धमा अमेरिकाले जापानको हिरोसिमा र नागासाकीका हजारौं मानिसलाई "एटम बम्" हानेर एकै चिहानमा ध्वस्त पारे । यस प्रकारका नरसंहारका घटनाहरु देखि आजीत भएका भारतका मौर्यवंशी सम्राट अशोकमा भने विचलन भएको देखियो। उनका बाजे चन्द्रगुप्त मौर्य र बाबु बिन्दुसारका उत्तराधिकारी भएर सम्राट अशोकले आफ्नो साम्राज्यमा मिलाउन बाँकी रहेको भारतको दक्षिण-पूर्वी क्षेत्र कालिंग राज्य (हालको उडिसा र आन्ध्र प्रदेशको केही भाग) माथि आक्रमण गर्दा हजारौं मानिसको रक्तपातपूर्ण मृत्यु भयो। यस्तो मानिसको विभत्स हत्या आफ्नै कारणबाट भएको हुनाले उनी युध्द देखि आजित भए । उनले शान्ति प्राप्त गर्नको लागि हिन्दू धर्म त्यागेर अहिसांवादी धर्म (बुद्ध धर्म) अँगाल्न पुगे । त्यसपछि उनले बौद्ध धर्म दर्शनको शान्ति र अहिंसाको प्रचार-प्रसार गर्दै बाँकी जीवन विताए ।

मानव पहिचानका मुद्दाहरुः

मानव सामाजिक प्राणी भएको हुनाले ऊ समाज वाहिर रहन-बस्न सक्तैन। परिवारकै विकसित रुप समाज हो। आज यातायात र सञ्चारले समाजलाई खुम्च्याएर फेरी विश्व भरीका मानिसलाई एउटै परिवार बनाएको छ । त्यसकारण "बसुद्धैव कुटुम्बकम्" को एउटा आदर्श नारा पनि घन्किन थालेको छ । तर किन मानव परिवार भित्रबाटै पहिचानका मुद्धाहरु उठीरहेका छन् त ? सायद् परिवार भित्रैका मानिसहरुले एकआपसमा फेरी छुट्टिनुको लागि अंस-बण्डा मागेको होला । हिजोआज पहिचानको मुद्धा नेपाल भरी नै बुलन्द भइरहेको देखिन्छ। चाहे जे होस्, नेपालमा सशक्त रुपमा पहिचानका मुद्धाहरु उठिरहेका छन् । मानव पहिचानका ती सामाजिक मुद्धाहरु के के हुन् त ? ती मुद्धाहरुमा १. भूगोल र इतिहास सम्बन्धी, २. रंग र वर्णसम्बन्धी ३. भाषा र लिपिसम्बन्धी ४. धर्म र संस्कृतिसम्बन्धी ५. जातीय विभेद र ६. वर्गीय विभेदका मुद्धाहरु इत्यादि छन् ।

मानिसका विविध ईच्छा, चाहना र आवश्यकताहरु भएका कारण संसारमा थुप्रै उपलब्धीहरु पनि हाँसिल भएका छन्, जसको परिणाम स्वरुप संसारमा धेरै ठुलाठुला विकास निर्माणहरु भएका देखिन्छन् । तर मानिसमा अन्तरनिहित स्वार्थी भावनाले गर्दा एउटै समाज वा परिवारमा रहनेबस्ने मानिसहरु बीच आज धेरै पहिचान सम्बन्धी विभेदका मुद्धाहरु उठेका हुन् । तिनै पहिचानका मुद्धाहरुका कारण एउटा ठुलो भूगोलमा बस्ने मानिसले अर्को सानु भूगोलमा मानिसलाई विभेद गर्ने, राजकुलमा जन्मिने मानिसले रैतिदुनियाँमा जन्मिएका मानिसलाई हेला-हिंसा गर्ने, सेतो वर्णको मानिसले कालो वर्णको मानिसलाई दास-दासी बनाउने, राष्ट्र भाषा बोल्नेहरुले राष्ट्रिय भाषा बोल्नेहरुलाई होच्याउने, ठुलो धार्मीक सम्प्रदायका मानिस र सानु धार्मीक सम्प्रदायका मानिस बीच पानी बाराबार हुने, ठुलो जातिको मानिसले सानु जातिको मानिसलाई घृणा गर्ने र धनी वा ठुलो कुलघरानका मानिसले गरीबदुःखी उपर शोषणदमन गर्ने, जस्ता सामाजिक विभेदहरु देखा पर्न थालेका छन् । यसरी पहिचानका मुद्धाहरुबाट सकारात्मक र नकारात्मक दुवै खाले परिणामहरु प्राप्त भएका छन् । जस्तै, यिनै जाति, भाषा, धर्म, संस्कृति र भूगोल जस्ता पहिचानकै मुद्धाहरुको परिणाम स्वरुप विश्वमा धेरै राष्ट्र वा देशहरु निर्माण हुन पुगेका छन्। अतः पहिचानका मुद्धाहरु राष्ट्र, राष्ट्रियता र राष्ट्र निर्माणको लागि आज ठुलो मुद्धा बन्न पुगेको देखिन्छ। नेपालको सन्दर्भमा पनि समतामुलक समाज निर्माण गर्ने सवालमा यी विभेदकारी पहिचानका मुद्धाहरु बाधक तत्वको रुपमा खडा भएका देखिन्छन् । किनकि हिजो राज्यको पुनःसंरचना गर्दा यी पहिचानका मुद्धाहरुलाई सम्बोधन गरेरै राज्यको पुनः संरचना गरी प्रदेश र स्थानीय तहहरु निर्माण गरिएका छन् । के यी पहिचानका मुद्धाहरु संघीय राज्य नेपालका लागि भावी दिनका शुभलक्षणहरु हुन् त ?

मानव सभ्यताको सुरुआतमा मानव पहिचानका मुद्धहरु अस्तित्वका रणनीतिक योजनाहरु थिए। गाँस, बास र कवास जस्ता मानिसका आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नको लागि सबै कुलकविलाहरु एकै साथ जुट्थे र आफ्नो बंस रक्षाको लागि दिलोज्यान दिएर लड्थे। आजको दिनमा आएर मानिसको आधारभूत आवश्यकताहरु बृद्धि भएका छन्। आज मानिसलाई गाँस, बास र कवासले मात्र पुग्दैन। उसको निम्ति प्रयाप्त गाँस, बास र कवासको अतिरिक्त शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, शान्ति, सुरक्षा, मनोरञ्जन लगायत प्रतिष्ठाको समेत आवश्यकता पर्दछ । यही प्रतिष्ठाको लडाई नै पहिचानको मुद्धाको रुपमा आज उठ्ने गरेकोछ । मानिसमा अन्तरनिहित गुणहरु जस्तै-उत्सुक्ता, कौतुहलत, वौद्धिकता, कल्पनाशीलता र असन्तुष्टि, आदिका कारण मानिस संसारकै श्रेष्ट प्राणी बन्न सफल भयो । यिनै मानवीय गुण वा विशेषतका कारण मानिसले एक पछि अर्को कअनेक सफलताहरु हाँसिल गर्दैगयो । आज आएर मानिस इज्जत, मान र प्रतिष्ठाको लागि लडाई लडिरहेको छ । यही प्रतिष्ठाको लडाईलाई अर्को शब्दमा पहिचानको मुद्धा हो भन्न सकिन्छ ।

आ-आफ्ना मौलिक पहिचानका आधारमा संसारमा धेरै राष्ट्रहरु निर्माण भएका छन्। नेपालले पनि संयुक्त राष्ट्र संघमा नेपाली भाषा, लिपि, धर्म, संस्कृति र इतिहास सम्बन्धी दस्तावेजहरु पेश गरेर नेपाल एक सार्वभौम सत्ता कसम्पन्न स्वतन्त्र राष्ट्रको रुपमा आफ्नो राष्ट्रिय पहिचान वा अस्तित्व कायम गराउन सफल भएको छ । तर भौगोलिक सामर्थ्य कमजोर भएको नेपाल जस्तो राज्यले संघियतामा जाँदा एउटा स्वतन्त्र राष्ट्रले उठाउने पहिचानका मुद्धाहरु स्थानीय स्तरमा उठाउनुपर्ने एउटा बिडम्बना नै हो ।

## साम्राज्यवादी...

आलोचना गर्दछ । यस्ता व्यवहारहरू नजीर बनेर जाने हो भने तेश्रो राजनीतिक क्रान्ती पछि पनि हाम्रो अगाडी प्राप्त उपलब्धीहरूको रक्षा गर्ने चुनौति उभिन सक्छ। तसर्थ यो बैठक सत्ता पक्ष र बिपक्षलाई आगामी दिनमा संयमतापूर्वक लोकतान्त्रीक आचरण र व्यवहार अपनाउदै अघि बढ्न ध्यानाकर्षण गराउँछ ।

३. चिकित्सा शिक्षा विधेयकमा आफ्नो १५औं आमरण अनशनको सिलसिलामा सरकारसंग भएको सम्झौतालाई नसमेटेको भनेर १६औं आमरण अनशनमा रहेका डा.गोविन्द के.सी.का मागहरूलाई संबोधन गर्न अबिलम्ब एउटा वार्ता समिति गठन गरीयोस् भनी यो बैठक सरकार समक्ष जोडदार माग गर्दछ ।

४. हालै दक्षिण अमेरिकी मुलुक भेनेजुयलामा जननिर्वाचित सरकार बिरुद्ध भएको षडयन्त्रकारी बिद्रोहको यो बैठक निन्दा र भ्रर्त्सना गर्दछ। त्यहाँका राष्ट्रपति निकोलस मदुरोको बिरुद्ध बिपक्षी नेता जुवान गुआइदोलाई आफ्नो बुख्याँचाको रुपमा स्थापित गर्ने अमेरिकी नेतृत्वमा विश्व साम्राज्यवादीहरूको षडयन्त्रकारी कुकृत्यको यो बैठक कडा बिरोध गर्दछ। यो स्वतन्त्र तथा सार्वभौमसत्ता सम्पन्न मुलुकमाथि साम्राज्यवादी ठाडो हस्तक्षेप भएको हुँदा विश्वसाम्राज्यवाद बिरोधी तथा स्वतन्त्रता पक्षधर सबै शक्तिहरू एकजुट भएर उक्त साम्राज्यवादी षडयन्त्रलाई परास्त गर्न नेकपा (माले) आह्वान गर्दछ ।'

## सुशासनमा...

अंकसहित १ सय १७ औं स्थान, माल्दिभ्स ३१ अंकसहित १ सय २४ औं स्थान, बंगलादेश २६ अंकसहित १ सय ४९ औं स्थान र अफगानिस्तान १६ अंकसहित १७२ औं स्थानमा परेको छ । चीनले ३९ अंकसहित ८७ औं स्थान ओगटेको छ ।

विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्स म्यान, फन्डेसन वर्ल्ड जस्टिक प्रोजेक्ट र भीडीइएमले तयार गरेको सर्वेक्षणका आधारमा ट्रान्सपरेन्सीले यो प्रतिवेदन सार्वजनिक गरेको हो । ट्रान्सपरेन्सीले सन् १९९५ देखि हरेक वर्ष प्रतिवेदन सार्वजनिक गर्दै आएकोमा नेपाल सन् २००४ देखि समेटिँदै आएको छ । सार्वजनिक पद दुरुपयोग गर्नेमाथि कारबाही, सार्वजनिक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचार, सेवाका लागि दिनुपर्ने घूस, सरकार, न्यायालय र सांसदले गर्ने पदको दुरुपयोग व्यापार व्यवसायमा भ्रष्टाचार, राजनीतिक क्षेत्रमा जवाफदेहिता जस्ता विषय सर्वेक्षणका आधार हुन् । यीमध्ये यस वर्ष नेपालको स्थिति खस्किएको आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा र न्यायका लागि दिनुपर्ने घूसका विषयवस्तुमा नेपाल गत वर्षभन्दा खुस्किएको देखिएको छ। पछिल्ला ६ वर्षमा ट्रान्सपरेन्सी प्रतिवेदनमा नेपाल २७ देखि ३१ अंकभित्र सीमित छ। भ्रष्टाचारको प्रमुख जड चुनावी खर्च हो । राजनीतिमा लगानी भएको धनको अनुसन्धान हुन सकेको छैन । विदेशमा थुपारिएको कालोधन र स्वार्थसँग भित्रिएको वैदेशिक लगानीको खोजबिन हुन सकेको छैन । सुशासन र न्याय सम्पादनमा नेपाल ११३ देशमध्ये २०१४ मा ५५ औं, २०१५ मा ५८ औं, २०१६ मा ६३ औं स्थानमा पुगेको थियो । सुशासन र न्याय सम्पादन मापन गर्ने वाशिंगटन डिसीस्थित अन्तर्राष्ट्रिय संस्था वर्ल्ड जस्टिक प्रोजेक्टका पछिल्ला वार्षिक प्रतिवेदनहरुमा नेपालमा संविधान लागू भएदेखि नै सुशासन र न्याय सम्पादनमा ओरालो लागिरहेको देखिन्छ । वाइडबडी खरिदमा भएको ४ अर्ब ३५ करोडमाथिको भ्रष्टाचार, एनसेल मोबाइल फोनको पुँजीगत लाभकर छली काण्ड, कर फर्स्यौट आयोगले गरेको २१ अर्बको अनियमितता, आयल निगमका लागि जग्गा खरिदमा अर्बौंको भ्रष्टाचारका दोषीमाथि मुद्दा चलाउन आनाकानी गर्ने सरकारले कसरी गर्छ समृद्धिको यात्रा ? अनि देश सुध्रिन्छ कहिले ?

# यसरी उत्पन्न हुन्छ सुनामी



सुनामी भूकम्पका कारण वा ज्वालामुखीका कारण जमिन धसिने वा माथि उठ्ने गर्दा समुद्रको पानीबाट उत्पन्न हुन्छ । समुद्रको अथाह जलाशयमा पानीकै कारण आउने सुनामी भने निकै कम छन् । तिनका कारण पनि पत्ता लाग्न बाँकी छ । सुनामीको उभार वा उचाइ त सयौं फिट अग्लो हुन सक्छ । यसले विशाल बस्ती र गगनचुम्बी भवनहरू क्षणभरमा डुबाएर सिध्याइदिन्छ ।

हालसम्म आएका सुनामीहरू प्रशान्त महासागरको वरिपरि किनारामा आउने गरेका छन् । प्रशान्त महासागरको वरिपरि रहेको भागलाई 'प्रशान्त अग्निको घेरा' भनेर नामकरण गरिएको छ । विश्वमा आएका सुनामीका करिब ८० प्रतिशत सुनामी यही क्षेत्रमा गएका र भएका छन् । यो क्षेत्र भूकम्प र ज्वालामुखीको मुख्य क्षेत्र हो । साना र ठूला भूकम्प यस क्षेत्रमा दिनदिनै गइरहन्छन् र सानाठूला सुनामी आइरहन्छन् । यसलाई प्रशान्त महासागरका वरिपरिको बस्तीमा राक्षसी छाल वा नरभक्षी छाल भनेर नाम दिइएको छ । हालसम्म आएका सुनामीमा हिन्द महासागरमा सन् २००४ को डिसेम्बर महिनामा आएको सुनामीलाई सबैभन्दा शक्तिशाली मानिन्छ । यो सुनामी हिन्द महासागरभित्र गएको अति शक्तिशाली भूकम्पका कारण गएको थियो ।

त्यतिबेला गएको भूकम्प ९ रेक्टर स्केलको थियो । यसले कुल १४ वटा देशहरूमा एकैपटक हमला गरेको र प्रभाव पारेको थियो । यो सुनामीको हमलाले २ लाख ८३ हजार मानिस मारेका थिए । यो महासुनामीले एसियादेखि अफ्रिकासम्मका ११ देशमा मरणासन्न अवस्था सिर्जना गरेका थियो । यो निकै अग्लो र चौडा खालको थियो । यो यति धेरै ठूलो र तीव्र गतिमा थियो कि यसले छोटो समयमा दुवै महादेशमाथि एकैपटक र एकै समयमा हमला गरेको थियो । पृथ्वीमा आएका सुनामीहरूमा यो सबैभन्दा बढी घातक थियो ।

एसिया महादेशमा गएका र गइरहने भूकम्पमा जापानमा सबैभन्दा धेरै रहेका छन् । यहाँ सानातिना भूकम्प र ज्वालामुखी दिनदिनै गइरहन्छन् र सुनामी पनि चलिरहन्छ । यो त्यहाँका लागि दैनिक जीवन पनि बन्ने गरेको छ । सुनामीको आकार र गति मापनलाई लिने हो भने सय किलोमिटर लामो सुनामी एक घण्टासम्म निरन्तर चलिरहन्छ । यसले विनाशलाई अवर्णनीय रूपमा निम्त्याउँछ ।

प्रशान्त महासागरका वरिपरिको बस्तीमा राक्षसी छाल वा नरभक्षी छाल भनेर नाम दिइएको छ । हालसम्म आएका सुनामीहरूमा हिन्द महासागरमा सन् २००४ को डिसेम्बर महिनामा आएको सुनामीलाई मानिन्छ । यो सुनामी हिन्द महासागरभित्र गएको अति शक्तिशाली भूकम्पका कारण गएको थियो । वैज्ञानिकहरूका अनुसार सन् १७०० मा गएको सुनामीले पुरै जापानमा बाढी, पहिरो र भुइँचालो ल्याएको थियो । यसले अत्यधिक जीउधनको नोक्सानी गरेको थियो ।

सुनामी प्रतिघण्टा ५ हजार माइलको गतिमा चल्छ । आश्चर्यको कुरा त के छ भने यो महासमुन्द्रमा कुनै हलचल नदेखिएर पनि आइरहेको हुन्छ । रातमा भएमा त यसले निकै ठूलो नोक्सानी निम्त्याउँछ । सुनामी त यति साना पनि हुन्छन् कि कुनै त ३० सेन्टिमिटर मात्र उचाइका पनि हुन्छन् । सुनामीहरू, जसले प्रतिघण्टा ६ सयदेखि आठ सय किलोमिटर गति लिइरहेका हुन्छन्, तिनले ठूलो नोक्सानी निम्त्याउँछन् । तर, हिन्द महासागरमा उठ्ने सुनामीहरू तीस फिटभन्दा अग्ला हुने गरेका छन् ।

सुनामीका कारणले पहाड मैदान र मैदान समुद्रमा परिणत हुन सक्छ । कडा चट्टानी भूभागबाहेको अरू केही बाँकी रहँदैन । अहिलेसम्मका निकै जोखिम इलाकामा अमेरिकाको वासिंगटन, आरेगन, हवाइ, अलास्का र क्यालिफोर्निया रहेका छन् ।

सुनामीको पानीमा कोही पनि पौडी खेल्नुहुँदैन किनकि सुनामीको पानी बग्दा अग्लो ठाउँमा आएकाले त्यो केही समयपछि फर्कन्छ । मानिसलाई तानेर लैजान्छ । सुनामीमा उत्पन्न शक्ति अथाह हुन्छ । यसलाई आँकलन गर्न सकिँदैन ।

हिन्द महासागरमा सन् २००४ मा आएको सुनामीको ऊर्जा २३ हजार एटम बम एकैपटक पड्काएको जति थियो । जसले २ लाख ८३ हजार मानिसको ज्यान लिएको थियो । सुनामी भनेको एउटा सिंगल वा एकल तरंग वा धार वा ज्वार मात्र होइन, यो त शृंखलाबद्ध धार र ज्वारको समष्टि हो ।

यसलाई ज्वारहरूको लस्कर वा रेल भनेर पनि भनिन्छ । ग्रिक इतिहासकार थुसिडाइड्सले पेलोपोनेसियन युद्धमा सुनामी शब्दावलीको उच्चारण गरेका थिए । यसलाई त्यतिबेलै समुद्रमुनि जाने भूकम्पका कारण आएको पानीको ज्वार भनेर परिभाषित गरेको थियो । समुद्री तटमा रहने मानिस भूकम्पबाट भन्दा पनि सुनामीबाट बढी तर्सने गर्दछन् ।

## नेपालले...

नियन्त्रण गर्न अमेरिकाले क्यानडालाई हुवावेकी वित्तीय अधिकारी मेङलाई गत डिसेम्बर १ मा पक्राउ गर्न लगाएको थियो। यस घटनाले चीन अमेरिकी कूटनीतिक सम्बन्धमा गम्भीर दरार उत्पन्न भएको छ।

विश्वको पहिलो आर्थिक शक्ति बन्ने दौडमा रहेको चीन हाल विश्वकै सबैभन्दा ठूलो व्यापारिक मुलुक पनि हो। सन् १९७८ देखि सन् २०१७ सम्म चीनको व्यापारिक साझेदारी चालीस देशबाट २३१ देश तथा क्षेत्रसम्म फैलिएको छ। तथ्यांक अनुसार सन् १९७८ देखि २०१७ सम्म चीनको आयात निर्यात रकम ३५ अर्ब ५० करोड चिनियाँ युआनबाट २७.८ ट्रिलियन युआनसम्म बढेको छ। चीनको सेवा व्यापार क्षेत्र सन् २०१४ सम्म आइपुग्दा दोस्रो स्थानमा उक्लेको छ। सन् २०१७ मा सेवा आयात तथा निर्यातमा संलग्न रकम करिब ७ सय विलियन अमेरिकी डलर पुगेको छ। यसले विश्वको ६.७ प्रतिशत हिस्सा ओगटेको छ।

चीनले सन् २०२० सम्ममा समृद्ध समाज निर्माणका साथै पूर्ण रुपमा गरिबी निवारणको लक्ष्य पूरा गर्दैछ। सन् २०३० सम्ममा समाजवादी आधुनिकीकरणलाई आधारभूत रुपमा पूरा गर्ने योजना बनाएको छ। सन् २०५० सम्ममा एक समृद्ध, प्रजातान्त्रिक, सभ्य मेलमिलापयुक्त र सुन्दर समाजवादी आधुनिक शक्तिशाली राष्ट्र बनाउने लक्ष्यमा चीन अघि बढिरहेको छ। चीनले नवीन रेशममार्ग अर्थात् वेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) को थालनी गरिरहेको छ जसमा नेपालसहित १४० मुलुक आबद्ध भइसकेका छन् । तर अमेरिका नेपाललाई बीआरआईबाट अलग्याउन खोजिरहेको छ । नेपाललाई आफ्नो हिन्द प्रशान्त रणनीति (इन्डोप्यासिफिक स्ट्राटेजी) मा केन्द्रीय भूमिका खेलाउन खोजिरहेको छ। १७ वर्षको लामो अन्तरालपछि अमेरिकी विदेशमन्त्री माइक पेम्पेओले परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई अमेरिकामा स्वागत गर्दै नेपालको विकासमा अमेरिकाले सहयोग गर्ने विश्वास दिलाउँदै बीआरआईबाट अलग भएर अमेरिकी हिन्द प्रशान्त रणनीतिमा सामेल हुन आग्रह गर्नुको तात्पर्य चीन घेर्ने रणनीतिसँगै सम्बन्धित छ।

केही समयअघि जापानी विदेशमन्त्री तारोकाओ काठमाडौं आएर अबजर्भर रिसर्च फाउन्डेसनले नयाँदिल्लीमा गरेको बहुपक्षीय अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन अर्ति दिएर फर्किनु पनि चीन घेराबन्दीकै एक श्रृंखला हो । अमेरिका र उसका सहयोगी पश्चिमा राष्ट्रहरु चीनको आन्तरिक अर्थव्यवस्थालाई खलबल्याउन चाहन्छन् । आर्थिक उदारीकरण र विश्वव्यापीकरणको नीतिका माध्यमबाट प्रायोजित उद्देश्य अनुरुप अमेरिकाको अनुवाईमा विश्व व्यापार संगठनको स्थापना गरियो। चीनले विश्व व्यापार संगठनकै प्रावधानलाई टेकेर यसरी व्यापार विस्तार गऱ्यो कि अमेरिकाको चीनसँगको व्यापारघाटा उल्लेखनीय रुपमा वृद्धि भयो । चीनले आफ्नो व्यापारको विस्तार अफ्रिका, अमेरिका, युरोप, एसिया र अष्ट्रेलिया महादेशका प्रायशः देशहरुमा विस्तार गर्न सफल भयो । अहिले अमेरिकाले उदारीकरणतिर भन्दा संरक्षणवादतिर व्यापारिक नीति ढल्काएको छ। यही कारण चीन, अमेरिका व्यापारिक शीतयुद्ध सुरु भएको हो । चिनियाँ केन्द्रीय बैंकमा सञ्चित चार ट्रिलियन बढी डलरलाई चीनलाई आन्तरिक युद्धमा फसाएर खर्च गराउन खोजिरहेको छ अमेरिका । हिन्द प्रशान्त रणनीतिले बोकेको उद्देश्य यही हो ।

अमेरिका लगायत पश्चिमा राष्ट्रहरु चीनको अभिन्न अंग तिब्बतलाई चीनको मानचित्रबाट अलग गराउन खोजिरहेका छन् । अमेरिकी सिनेटले तिब्बती शरणार्थीलाई सहयोग गर्ने नीति हालै पास गर्नु तिब्बतमा गडबडी मच्चाउने उद्देश्य नै हो । नेपाल र भारतमा शरणार्थी जीवन बिताइरहेका तिब्बतीहरुका लागि नेपाली भूमिलाई खेलमैदान बनाएर युद्धको गोल तिब्बती पोस्टमा छिराउन अमेरिका र उसका सहयोगी पश्चिमा देशहरु लागिपरिरहेका छन् । ताइवानलाई समेत एकीकरण गर्ने चिनियाँ तयारीसँगै तिब्बत विखण्डनको पश्चिमा ग्रायन्ड डिजाइन हिन्द प्रशान्त अमेरिकी रणनीतिमा छिपेको छ। यसमा भारत फुकी फुकी अघि बढ्दै छ। चीन र रुससँगको व्यापारिक साझेदारी र कुटनीतिलाई पनि नतोड्ने अनि आसियनसम्म आफ्नो प्रभाव विस्तार गर्ने रणनीतिमा भारत छ । नेपालको अवस्थिति सामरिक रुपले महत्वपूर्ण छ। यही बुझेर नेपाललाई चिनियाँ कित्ताबाट कट गराएर अमेरिकी साम्राज्यवादी ध्रुवमा सामेल गराउने अमेरिकी रणनीति चलाखीपूर्ण तवरले अघि बढेको छ। यसको एउटै मकसद छ चीनलाई अति महाशक्ति राष्ट्रको ताज पहिरन नदिने। यसमा अमेरिका र पश्चिमा शक्ति राष्ट्रहरु साम दाम दण्ड भेदका साथ लागिपरेका छन्। नेपालले पञ्चशीलमा आधारित असंलग्न परराष्ट्र नीतिबाट विचलित हुनुले देश जटिल अवस्थामा जेलिँदैछ।

## अन्नाको...

लोकपाल नियुक्त गरिएको छैन' हजारेले बताएका छन्। पाँच वर्षसम्म पनि उनीहरुले यसबारे केही गरेनन् । त्यसैले राजनीतिक नेतालाई हाम्रो ठाउँमा आउन दिँदैनौं । उनको भनाइ छ ।

भारतका भ्रष्टाचार विरोधी अभियन्ता किसन बाबुराव हजारे (अन्ना हजारे) अहिले ८१ वर्ष पुगेका छन् । आफ्नो गाउँ महाराष्ट्रको रलेगण सिद्धिमा अनसनमा बसेका हजारे पूर्व सैनिक हुन् । भ्रष्टाचार विरोधी अभियानका लागि उनी विश्वभर चर्चित छन् । हजारेले भ्रष्टाचार विरुद्ध लोकपाल कानुन निर्माणका लागि माग गर्दै ५ अप्रिल २०११ मा पहिलो पटक अनसनमा बसेका थिए । हजारेले सुरु गरेको अनसनले पछि आन्दोलनको रुप लिएको थियो । आन्दोलनले तत्कालीन मनमोहन सिंह नेतृत्वको सरकार हल्लियो । त्यसबेला मोबाइल फ्रिक्वेन्सी वितरण र कोइलाखानीको ठेक्का प्रकरणमा सिंह सरकार मुछिएको थियो । हजारेलाई त्यसबेला योगगुरु रामदेव र हाल दिल्ली प्रदेशका मुख्यमन्त्री अरबिन्द केजरीवालले साथ दिएका थिए । हजारेको भ्रष्टाचार विरोधी आन्दोलनबाट केजरीवालको नेतृत्वमा आम आद्मी पार्टी उदाएको थियो । हजारे पहिलो पटक १९८९ मा अनसनमा बसेका थिए । उनी अविवाहित हुन् ।

## आसाममा...

४० लाख नागरिक एनआरसीको विवरणसँगै गैरभारतीय नागरिक बन्न पुगेका छन् । बंगलादेशसँग सीमा जोडिएको आसाम राज्यमा गैरनागरिक बन्न पुग्नेमा बंगला भाषी मुस्लिम समुदायको संख्या बढी मात्रामा रहेको छ । अनागरिक बन्न पुगेका ४० लाखलाई देश निकाला गर्नुपर्ने बहस पनि उठिरहेको छ । सत्तारुढ भाजपाका नेताहरुले सन् १९७१ अघिदेखि नै आसाममा बसेको प्रमाणित गर्न सक्नेलाई भारतीय नागरिक हुन पाउने र अन्यको हकमा जतादेखि प्रवेश गऱ्यो त्यतै फर्कनुपर्ने धारणा सार्वजनिक मञ्चहरुमा व्यक्त गरिरहेका छन् । भाजपाले बंगलादेशबाट बर्सेनि ३ लाखका दरले आप्रबासी प्रवेश गरेका कारण आसाम अशान्त बनेको बताउने गरेको छ । उता बंगलादेशले आसाममा भएको नागरिकता विवादलाई भारतको आन्तरिक मामला हो भन्ने प्रतिक्रिया दिएको छ ।

भारत र बंगलादेशबीच नेपाल भारतको जस्तो खुला सिमाना छैन । नियन्त्रित र बन्द सीमा हुँदा पनि आसाम प्रवेश गर्ने बंगालीको संख्या ठूलो रहेको छ । आसाम राज्यमा देखिएको नागरिकता विवादबाट नेपाल जस्तो सानो मुलुकले बेलैमा पाठ सिक्न जरुरी छ । भारत जस्तो विशाल जनसंख्या भएको मुलुकसँग खुला सीमा राखेका कारण नेपालले विगतमा ५० लाख जति नयाँ नागरिक थपिसकेको छ । यति हुँदाहुँदै पनि नागरिकता अझै खुकुलो बनाउनुपर्ने मधेसवादी दलहरु भन्दै आएका छन् । भारतमा विभिन्न देशबाट प्रवेश गर्ने आप्रबासी समेत भारतीयको भेषमा खुला सीमाको फाइदा उठाएर नेपाल प्रवेश गर्ने गरेका छन् । नेपाली नागरिक अवसरको खोजीमा विदेश जाने क्रम तीव्र रुपमा बढ्नु र गैरनागरिक नेपाल भित्रिने क्रमले निरन्तरता पाउँदा कालान्तरमा रैथाने नेपालीभन्दा आप्रबासीको बाहुल्यता हुने निश्चित छ । त्यसैले नेपालले आसामको घटनाक्रमको विश्लेषण मिहिन ढंगले गर्दै भारतसँगको खुला सीमालाई नियन्त्रित बनाउनेतर्फ सोच्न आवश्यक छ ।

## पारित भयो...

संशोधन प्रस्ताव दर्ता गराएका थिए । दुबै संशोधन प्रस्तावलाई अध्यक्ष गणेश तिमिल्सिनाले निर्णयार्थ पेश गरेका थिए । दुबै संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको थियो। राष्ट्रियसभामा नेपाली कांग्रेसका सांसदहरुले उभिएरै विरोध जनाइरहेका थिए । यसैबीच चिकित्सा शिक्षा विधेयक परिमार्जन गरिनुपर्ने माफियामुखी होइन, जनमुखी, विद्यार्थीमुखी विधेयक ल्याइनुपर्ने भन्दै चिकित्सा शिक्षा क्षेत्रका अभियन्ता डा. गोविन्द केसीले आफ्नो आमरण अनसनलाई जारी राखेका छन्। उनको स्वास्थ्य स्थिति बिग्रँदै गएको चिकित्सकहरुले बताएका छन् ।

## सहिद शुक्रराजको श्रद्धाञ्जली सभा

काठमाडौं । सहिद स्मारक समिति केन्द्रीय कार्यालयको आयोजनामा गत माघ १० गते ललितपुर कुपण्डोलबाट पुल्चोक जाने बाटोमा रहेको अमर सहिद शुक्रराज शास्त्रीको सालिकस्थित पार्कमा सहिद दिवस धुमधामका साथ मनाइयो । समितिका अध्यक्ष दुर्गाबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्ष नरसिंह व्यञ्जनकार प्रमुख अतिथि बन्नुभएको थियो । उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका नेताहरु दीर्घराज प्रसाईं, हरिता श्रेष्ठ, रामकृष्ण कर्माचार्य, बलराम गौतम, पुण्य गौतम, मोहनराज शाक्य, दीपक श्रेष्ठ, विनोद आचार्य, सरस्वती पन्त, सिद्धि महर्जन, विष्णुसिंह डंगोल, शत्रुघन श्रेष्ठ, यादव ढुंगानाहरुले सहिदहरुको बारेमा बोल्नुभएको थियो ।